जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाह्नु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ७५ पृष्ठः ४ | २०८३ असार २६ शुक्रबार (Friday 10 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## बल्कावाको विद्यालयमा पीउने पानी उपचार प्लान्ट जडान, ५०० विद्यार्थीले पाए शुद्ध पानी





सिरहा, २५ असार। मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले जीवनको मुख्या आधार पानी भएको बताउँदै प्रत्यक विद्यार्थीले शुद्ध पानी पीउने पाउनु पर्ने बताएका छन्। सिरहाको गोलबजार नगरपालिका ११ स्थित श्री जनता माध्यमिक विद्यालय बलकावाको पीउने पानि उपचार प्लान्टको उद्घाटन गर्दै मन्त्री सिंहले शुद्ध पानी पाउनु सम्पूर्ण विद्यार्थीको अधिकार रहेको बताएका हुन्।

उचित पानिको प्रवन्ध नहुँदा बालबालिकाहरुमा विभिन्न प्रकारका रोग लाग्नसक्ने जोखिम रहने मन्त्री सिंहले बताए। उनले विद्यालयमा पीउने पानीको उचित प्रवन्धको लागि मन्त्रालयले आफ्नो ढङ्गले कामगर्ने बताउँदै गैरसरकारी संस्थाहरुलाई पनि विद्यालयमा कामगर्न आव्हान गरे। मन्त्रीसिंहले भने, 'यस प्रकारको प्लान्ट जडानबाट यहाँका बालबालिकाको शुद्ध पीउने पानीमा पहुँच वृद्धि भएको छ। मन्त्रालयले पनि यसमा काम गर्ने छ। तपाईहरुजस्ता गैरसरकारी संस्थाले पनि यसलाई थप निरन्तरता दिनु आवश्यक छ।'

सोही क्रममा मन्त्री सिंहले शिक्षाको अवस्था देशमै सवैभन्दा कमजोर मधेशको रहेको प्रति चिन्ता व्यक्त गरे। एनले भने, 'भौगोलिक, बाटो घाटो र अन्य विषयमा सुगमरहेको मधेश शिक्षाको अवस्था कमजोर छ। यसले हामीसवैलाई गिज्याई रहेको छ। हाम्रो शिक्षाको गुणस्तर उकास्न हामी सवैले मेहनत गर्न आवश्यक छ।' उनले मन्त्रालयले यो वर्ष शैक्षिक गुणस्तर वृद्धि र विद्यालयको भूर्वाधार विकासकालागि नीति तथा कार्यक्रम बनाएको बताए। 'आगामी आर्थिक वर्षबाट पाँच सय स्वयम्सेवक शिक्षक भर्ना गर्दै छौं, प्रत्यक जिल्लामा ३/३ वटा छात्रावाससहितको नमुना विद्यालय बनाउँछौं,' मन्त्री सिंहले भने, 'शैक्षिक सुधारका लागि शिक्षक भर्ना, गरिब विपन्न विद्यार्थीकालागि छात्रवास र अंग्रेजी माध्यमबाट पठन पाठन गर्ने विद्यालायलाई विशेष अनुदानको योजना नीति तथा कार्यक्रममै पारेका छौं। आउने वर्षबाट लागु हुनेछ।'

गोलबजार नगरपालिकाका मेयर श्याम कुमार श्रेष्ठले प्लान्ट जडान गरेर विद्यार्थीलाई शुद्ध पिउने पानि उपलब्ध गराउन सहयोग गरेका गैरसरकारी संस्था हेल्पीङ ह्याण्डलाई धन्यवाद दिए। 'तपाईहरुले प्लान्ट जडान गनुभएकोमा धन्यवाद छ। नगरपालिकाले आवश्यक थप बोर्डिङ आउने आर्थिक वर्षको सुवातमै जडान हुन्छन्' मेयर श्रेष्ठले भने। हेल्पिङ ह्याण्डले पानी, सरसफाई तथा स्वच्छतासम्वन्धि सचेतना अभियान अन्तर्गत विद्यालयमा पानि उपचार प्लान्टसहित धारा जडान गरेका छन्। यसको लागि संस्थाले सातलाखभन्दा बढी रहम लगानी गरेको साझेदारसंस्था हेल्पिक हार्ट, नेपालका महासचिव मिराज खानले जानकारी दिए।

सोही अवसरमा विद्यालयका छात्राहरुलाई स्वच्छतासम्वन्धि सामाग्री प्रदान गरिएको थियो। उद्घाटन कार्यक्रममा हेल्पिङ ह्याण्डका रिजनल डाइरेक्टर मो. खालिद मोहिसिमले आफ्नो संस्थाले यहाँ सहयोग गर्न पाएको खुशी व्यक्त गरे। 'यहाँ कामगरिरहेका युवा टिम असाध्यय उत्साहित र इनरजेटिक

-बाँकी दुई पेजमा

## विष्णुपुर गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा




काठमाडौं, २५ असार। सिरहाको विष्णुपुर गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रविन्द्रकुमार महतसहित ८ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरूसहित साना किसान कृषि सहकारी संस्था लिमिटेड विरुद्ध मुद्दा दायर गरेको हो।

महतसहित गाउँपालिकाका इन्जिनियर एवं योजना शाखा प्रमुख अनिक यादव, तत्कालीन लेखापाल रमेश गदाल, सहकारी संस्थाका तत्कालीन अध्यक्ष सरोजकुमार यादव, सहकारी संस्थाका सञ्चालक समितिका तत्कालीन सदस्य राजेश्वरप्रसाद सिंह, सहकारी संस्था अन्तर्गत धान प्रशोधन उद्योग स्थापनाका लागि गठित निर्माण उपभोक्ता समितिका अध्यक्ष मनोजकुमार यादव र कोषाध्यक्षद्वय

-बाँकी दुई पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812


## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## शिक्षक विरुद्ध अख्तियारले गरे आरोपत्र दायर

सिरहा, २५ असार। सिरहाको धनगढीमाईमा कार्यरत एक शिक्षकले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरेर जागिर खाएको भन्दै अख्तियारले आरोपत्र दायर गरेको छ। जिल्लाको धनगढीमाई नगरपालिका १ स्थित जनता माध्यमिक विद्यालय वेतहा भवानीपुरमा कार्यरत मावि तृतीय श्रेणीका शिक्षक गुन्जेश्वर मण्डल विरुद्ध आरोप पत्र दायर गरेको हो। मण्डलले प्राणपत्र तह र स्नात्क तहका नक्कली प्रमाणपत्र पेश गरेर

-बाँकी दुई पेजमा

# सम्पादकीय

## अलपत्र कमला पुल

मधेश प्रदेशलाई पूर्व–पश्चिम जोड्ने हुलाकी राजमार्गअन्तर्गत कमला नदीमा निर्माणाधीन पुलको कथा नेपालको विकास प्रशासनको एउटा कटु यथार्थ हो। तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित सुरु गरिएको आयोजना चौध वर्ष बित्दासमेत पूरा हुन नसक्नु केवल निर्माण ढिलाइको विषय होइन, यो राज्यको योजना निर्माण, कार्यान्वयन, अनुगमन र जवाफदेहिताको गम्भीर असफलता हो। कमला पुल आज एउटा अधुरो संरचना मात्र होइन, जनताको भरोसा भत्किएको प्रतीक बनेको छ।

विसं २०६८ मा सुरु भएको यो पुलले सिरहा र धनुषाका हजारौँ नागरिकको जीवन सहज बनाउने अपेक्षा गरिएको थियो। पुल सञ्चालनमा आएको भए प्रदेश राजधानी जनकपुरधामसम्मको यात्रा छोटिने थियो, किसानले आफ्ना कृषि उपज समयमै बजार पुऱ्याउन सक्ने थिए, बिरामीले सहज रूपमा अस्पताल पुग्न पाउने थिए र स्थानीय अर्थतन्त्रले नयाँ गति लिने थियो। तर आज पनि हरेक वर्षायाममा स्थानीय नागरिक जोखिमपूर्ण डुङ्गाको सहारामा नदी तर्न बाध्य छन्। विकासको सपना बोकेर सुरु भएको आयोजना अहिले पीडा र निराशाको पर्याय बनेको छ।

सबैभन्दा चिन्ताजनक पक्ष भनेको करोडौँ रुपैयाँ खर्च भइसक्दा पनि नागरिकले त्यसको प्रतिफल नपाउनु हो। कागजमा ९३ प्रतिशत भौतिक प्रगति देखाइए पनि व्यवहारमा पुल उपयोगविहीन छ। निर्माण कम्पनीको पटक–पटक म्याद थप, प्राविधिक कमजोरी, प्रशासनिक ढिलासुस्ती र कमजोर निगरानीका कारण आयोजना अन्तहीन प्रक्रियामा अल्झिएको छ। अझ निर्माण सम्पन्न हुनुअघि नै पुलका पिलर भासिनु अत्यन्त गम्भीर प्राविधिक त्रुटि थियो। यस्तो अवस्थामा जिम्मेवार निकायमाथि कडा कारबाही हुनुको सट्टा फेरि त्यही कम्पनीलाई पुनःनिर्माणको जिम्मा दिइनु सार्वजनिक उत्तरदायित्वमाथिको प्रश्न हो।

नेपालमा ठूला पूर्वाधार आयोजनामा समय र लागत दुवै बढ्ने प्रवृत्ति नयाँ होइन। तर कमला पुलको अवस्था अझ गम्भीर छ। समयमै सम्पन्न हुन नसक्दा राज्यले केवल निर्माण लागत मात्र होइन, आर्थिक अवसर पनि गुमाइरहेको छ। पुल सञ्चालनमा आएको भए व्यापार, कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा सकारात्मक प्रभाव पर्ने थियो। अहिले भने किसानले उत्पादनको उचित मूल्य पाउन सकेका छैनन्, ढुवानी खर्च बढेको छ, व्यवसायीको प्रतिस्पर्धात्मक क्षमता कमजोर बनेको छ र नागरिकले दैनिक जीवनमै अनावश्यक सास्ती भोगिरहेका छन्। विकासमा भएको ढिलाइको मूल्य अन्ततः जनताले नै तिर्नुपरेको छ।

हुलाकी राजमार्ग मधेश प्रदेशको आर्थिक मेरुदण्डका रूपमा लिइन्छ। यस्तो रणनीतिक महत्वको परियोजना दशकौँसम्म अधुरो रहनुले विकास प्रशासनको कमजोरी उजागर गर्छ। मन्त्री, प्रधानमन्त्री र उच्च अधिकारीहरूको पटक–पटक अनुगमन तथा निर्देशन भए पनि परिणाम नआउनु हाम्रो प्रशासनिक संस्कृतिमाथिको प्रश्न हो। निरीक्षण र निर्देशनका समाचार सार्वजनिक गर्नेभन्दा बढी आवश्यक कुरा काम सम्पन्न हुनु हो। जनतालाई आश्वासन होइन, परिणाम चाहिएको छ।

अब सरकारले यो आयोजनालाई सामान्य प्रशासनिक प्रक्रियाको विषय मानेर समय बिताउने सुविधा छैन। निर्माणमा ढिलाइ गराउने कारणहरूको स्वतन्त्र प्राविधिक र प्रशासनिक छानबिन हुनुपर्छ। दोषी निर्माण कम्पनी र सम्बन्धित अधिकारीलाई कानुनबमोजिम जिम्मेवार बनाइनुपर्छ। पुनःनिर्माणको स्पष्ट कार्ययोजना, निश्चित समयसीमा र नियमित सार्वजनिक प्रगति विवरण अनिवार्य गरिनुपर्छ। यदि वर्तमान निर्माण कम्पनीले तोकिएको समयभित्र काम सम्पन्न गर्न सक्दैन भने वैकल्पिक व्यवस्था गर्न पनि सरकार पछि हट्नु हुँदैन।

कमला पुलको कथा एउटा पुलको मात्र कथा होइन। यो सार्वजनिक स्रोतको उपयोग, विकास व्यवस्थापन र राज्यप्रतिको नागरिक विश्वाससँग जोडिएको विषय हो। विकासका नाममा वर्षौँसम्म अधुरा संरचना थुपार्ने प्रवृत्तिले राष्ट्रको आर्थिक क्षमतामात्र होइन, जनताको मनोबल पनि कमजोर बनाउँछ। समयमै सम्पन्न हुने आयोजना नै विकासको वास्तविक मापन हो, उद्घाटनका भाषण वा कागजी प्रगति होइन।

त्यसैले कमला पुल अब थप राजनीतिक भाषण, निरीक्षण र म्याद थपको प्रतीक होइन, समयसीमाभित्र सम्पन्न हुने राष्ट्रिय प्रतिबद्धताको उदाहरण बन्नुपर्छ। चौध वर्षदेखि सास्ती भोगिरहेका स्थानीय नागरिकले अब अर्को वर्षाको प्रतीक्षा होइन, सुरक्षित पुलबाट यात्रा गर्ने अधिकार पाउनुपर्छ। सरकारका लागि यही नै सबैभन्दा ठूलो परीक्षा हो।

# अनलाइन ठगीबाट कसरी जोगिने ?



जीवन कुमार श्रेष्ठ

पछिल्लो समय अनलाइन ठगीका घटना निकै बढेको छ। विशेषतः अनलाइन ठगी बढ्नुमा इन्टरनेटको बढ्दो प्रयोग हो। सामाजिक सञ्जालको बढ्दो प्रयोग, डिजीटल भुक्तानीको प्रचलन पनि बढ्दै गएको छ। यस्ता प्रविधिमा दक्ष नभएका मानिस सजिलै ठगीमा पर्ने सम्भावना हुन्छ।

कतिपय अवस्थामा मानिसहरू भ्रममा परेर, विश्वास र लोभमा परेर अनलाइन ठगीको सिकार भएका घटना छन्। ठगीमा संलग्नहरूले पहिचान लुकाएर ठगी गर्ने गरेका छन्। स्थानीय रूपमा मात्र नभएर सीमा पारबाट समेत अनलाइन ठगीका घटना भएको अवस्था छ।

इन्टरनेटको व्यापक प्रयोग र जसरी डिजिटल भुक्तानीहरू भइरहेका छन्, अपराध गर्ने मान्छेहरूले त्यसलाई 'मौका' ठान्छन्। अनलाइन मार्केटिङ र अनलाइन सपिङबाट लोभ–लालचका कुरा आइरहेका छन्। मान्छेहरू लोभ, लालच र आफूले सामाजिक सञ्जाल अथवा अनलाइन भुक्तानी गर्दा अपनाउनुपर्ने सावधानी नअपनाएको कारण यस्ता ठगीको जालमा परेका हुन्। कम मेहनत गरेर छिटो नाफा कमाउन खोज्दा पनि मानिस ठगिन्छ।

यसमा नियामक निकायहरूले सचेतना फैलाइरहनु पर्ने अवस्था देखिन्छ। अनुसन्धान गर्ने निकायले ठगी हुनै नदिनेतर्फ प्रयास नगरेको होइन। ठगी न्यूनीकरणका लागि काम भइरहेको छ। प्रहरीले अनलाइन ठगीबाट जोगिनका लागि सचेतनाका कुरा भन्दै आएको देखिन्छ, तर मानिसहरू त्यस्ता कुरालाई बेवास्ता गरेर अघि बढ्दा ठगीमा पर्ने गरेका छन्।

विशेषगरी चिट्ठा परेको भ्रम, सामान आएको भ्रम, डिजिटल भुक्तानी दिँदा अथवा ओटीपीहरू सेयर नगर्नुस् भनेर सचेतनाको कार्यक्रम गरिरहेको अवस्था छ, तर त्यति हुँदाहुँदै पनि ठगीका धेरै घटना भएको छ। प्रहरीले द्रुत अनुसन्धान गरेर अपराधमा संलग्नहरूलाई कानुनी दायरामा ल्याइरहेको पनि छ।

यस्ता ठगी नियन्त्रण गर्न नियमित रूपमा जनचेतनाका अभियान सञ्चालन गर्नुपर्छ। जस्तैः बैंक र डिजिटल भुक्तानी सेवा प्रदायक संस्था, दुरसञ्चार र सामाजिक सञ्जालहरूको बिचमा समन्वय बढाउनुपर्ने देखिन्छ। शङ्कास्पद नम्बर, वेबसाइट अनि शंकास्पद खाता पहिचान गरेर कारबाहीको दायरामा ल्याउनुपर्छ। ठगी भयो भनेर बसिराख्ने हैन कि साइबर निगरानी पनि गर्नुपर्छ। हामी त्यसलाई डिजिटल निगरानी र पट्रोल पनि भन्छौँ। अपराध नहोस् भनेर सुरक्षाकर्मीहरू भौतिक रूपमा गस्ती जान्छन्, त्यसैगरी साइबरको पनि निगरानी गर्नुपर्छ। कस्ता व्यक्ति घुमिरहेका छन्, कस्ता किसिमका फरम्याट आएका छन् र कस्तो विज्ञापन सत्य, को–कस्तो झुटो हो भनेर निगरानी बढाउनु जरुरी देखिन्छ।

विद्यालय, कलेज र जनसमुदायस्तरमा साइबर के हो र साइबर ठगीबाट कसरी बच्ने भनेर सचेतनाको कार्यक्रम जोडदार गर्नुपर्छ। सचेतनालाई निरन्तरता दिनुपर्छ। जसरी विद्युतीय माध्यमबाट ठगीका घटना भइरहेका छन्, त्यसलाई सामना गर्न अहिलेको अनुसन्धान शैली र प्रहरीसँग भएको प्रविधि पर्याप्त छ ? छैन भने के–केमा सुधार गर्नुपर्ने देखिन्छ ? यसमा पनि ध्यान दिनुपर्छ।

पहिला त साइबर सम्बन्धी अपराध प्रहरीको साइबर ब्युरोले मात्रै हेर्ने गरेको थियो। अहिले सबै जिल्ला प्रहरी कार्यालयलाई त्यस्तो मुद्दा अनुसन्धानको जिम्मेवारी दिइएको छ। साइबर अपराध अनुसन्धानको कार्यक्षेत्र विस्तार गरेको छ। अनुसन्धानको कार्यक्षेत्र विस्तार हुँदा पीडितहरू स्थानीय रूपमै प्रहरी युनिटहरूमा गएर उजुरी दिन पाउँदा अनुसन्धान छिटो र छरितो हुँदैछ, तर यतिले मात्रै पुग्दैन।

प्रविधिको विस्तार जसरी भइरहेको छ, अनुसन्धान गर्ने स्रोत र साधन पनि त्यही अनुरुप बढाउनुपर्छ। अनुसन्धान गर्ने निकायको क्षमता अभिवृद्धि, जनशक्तिको क्षमता अभिवृद्धि पनि त्यही रूपमा विकसित र थप गर्नुपर्ने आवश्यकता छ। त्यस्तै बैंक, डिजिटल सेवा प्रदायक संस्था, टेलिफोन सेवा प्रदायक कम्पनीहरू र सामाजिक सञ्जाल र प्रहरीको एकीकृत नेटवर्क बनाउनुपर्छ।

देशभित्र मात्र नभएर विदेशसँग पनि सञ्जाल, समन्वय र सूचना आदानप्रदान गर्नु जरुरी छ। घटनापछि अनलाइन ठगीको रकम रोक्ने तरिका हुन्छ। त्यो ट्र्याकिङ गर्ने सिस्टम सुधार गरेर तत्काल सम्बन्धित बैंक तथा वालेटबाट सो रकम रोकिहाल्नुपर्छ। सेवा प्रदायकलाई सूचना दिने र तत्काल ट्र्याक गर्ने सिस्टम एकीकृत रूपमै बनाउनुपर्छ।

**ठगीका नयाँ–नयाँ शैली**

पछिल्लो अनलाइन ठगीको ट्रेन्ड हेर्दा अपराधीहरूले नयाँ–नयाँ शैली प्रयोग गर्ने गरेका छन्। तपाईंलाई चिट्ठा परेको छ, त्यो पाउन केही भुक्तानी गर्नुस् भन्ने ठगीको शैली देखिन्छ। त्यस्तै, तपाईंको साथीले विदेशबाट पठाएको सामान भन्सारमा रोकिएको छ, फुकुवा गर्न रकम पठाउनु भन्ने तथा विदेशमा राम्रो रोजगारी छ भनेर लोभ देखाएर हुने ठगीका शैली नयाँ देखिन्छ।

प्रेम सम्बन्ध राखेर अनेक हर्कत र ब्ल्याकमेलिङका घटना पनि देखिन्छन्। बैंकको स्टाफ बोलेको भन्दै केवाईसी भर्ने नाममा ओटीपी सेयर गर्न लगाउने, स्क्रिन सेयर गर्न लगाउने र सामाजिक सञ्जाल ह्याक गरेर रकम माग्ने घटना अहिले बढी देखिन्छ। अहिले अत्यधिक देखिएको शैली सस्तोमा मोबाइल र अन्य ग्याजेट पाइन्छ भनेर ठग्ने हो। मुख्य त हामीले कस्तो सामान, कुन विक्रेताबाट खरिद गर्दैछौँ भनेर यकिन गर्नुपर्छ। भुक्तानी पहिल्यै गर्ने होइन, सामान आफूले प्राप्त गरेपछि भुक्तानी दिने गर्नुपर्छ। हामीले सामानको बजार मूल्य पनि यकिन गर्नुपर्छ। १ लाख पर्ने सामान ६५ हजारमा किन बेच्न खोजिरहेको छ विक्रेताले भनेर पनि विचार गर्नुपर्छ। यसमा सचेत हुन आवश्यक छ।

मानिसहरूमा अलिकति अल्छीपना र विस्तृतमा नबुझ्ने प्रवृत्ति छ। राम्रोसँग नबुझिकन अनलाइन सपिङ गरेर सामान मगाउने फेसनजस्तो भएको छ। सस्तोमा पाइन्छ भनेर लोभमा परेर वास्तविकता नबुझिकन सामान मगाउने प्रवृत्ति बढेको छ। त्यसकारण हामीले सामान विक्रेता को हो, भुक्तानीको माध्यम के हो र मार्केटिङ कसले गरिरहेको छ भनेर बुझ्न जरुरी छ। बुझेरमात्रै राम्रोसँग कारोबार गर्नुपर्छ भन्ने मलाई लाग्छ।

दैनिक रूपमा ठगी बढ्नुमा विभिन्न फ्याक्टरको भूमिका हुन्छ। मुख्य त हामीमा अहिले डिजिटल कारोबारहरू बढी भएको छ। डिजिटल कारोबार गर्दा विवरण, भुक्तानी माध्यम, सामान बिक्री गर्ने संस्थाको बारेमा नुबझिकन कारोबार गर्दा ठगीका घटना बढेको छ। सामाजिक सञ्जालको व्यापक प्रयोग र प्रविधिको एकदमै बढोत्तरी भएको अवस्थालाई मौकाका रूपमा लिएर अपराधीहरूले ठगी गर्ने गरेका छन्। प्रविधिमा परिवर्तन भएसँगै अपराध गर्ने शैली धामधम परिवर्तन गरिरहेको अवस्था छ।

ठगीका घटना रोक्न सचेतनाको सबैभन्दा ठुलो भूमिका हुन्छ। सचेतना बढाउन बैंकहरूले पनि भूमिका खेल्नुपर्छ। ठगीबाट जोगिनको लागि बैंकहरूले पासवर्ड बलियो राख्नुस्, ओटीपी सेयर नगर्नुस्, स्क्रिन सेयर नगर्नुस् भनेर अवेयरनेसका कार्यक्रमहरू गरेको देखिन्छ। प्रहरीले पनि गरिरहेको छ। अझ बढीभन्दा बढी अनुसन्धान गर्ने निकाय, बैंक, दुरसञ्चार र डिजिटल भुक्तानीका माध्यमले यसमा भरपर्दो समन्वय गर्न जरुरी हुन्छ। सेवा प्रदायकले एकपटक मात्र सूचना दिएर पुग्दैन, हाम्रोमा बिर्सिने संस्कार भएको हुनाले निरन्तर रुपमा सचेतनाको अभियान चलाउनु पर्छ। त्यस्ता खाले ठगीबाट जोगिन बलियो पासवर्ड कसरी राख्ने भन्नेबारे सचेतना बैंकिङ क्षेत्रबाटै हुनुपर्ने देखिन्छ।

रातोपाटीबाट

### बल्कावाको विद्यालयमा ...

हुनुहुन्छ। यसबाट म असाध्यय प्रभावित भएको छु, आउँदा दिनहरुमा पनि हामीले यस्तो प्रकारका कार्यहरुलाई निरन्तरता दिन्छौं' डाइरेक्टर मोहिसिमले भने। गोलबजार नगरपालिका११ का वडा अध्यक्ष मो. सोहेव अनवरले यसक्षेत्रको पानीमा अत्यधिक मात्रामा आईरन रहेको बताए। उनले भने, 'लामोसमयदेखि विद्यार्थीहरु आईरनयुक्त पानी पीउन बाध्य थिए। हामीले यो कुरा हेल्पिङ्ग ह्याण्डलाई जानकारी गरायौं, अनुरोध र पहल गर्यौं, त्यसैको पछि आज यो उपचार प्लान्ट, धारा जडान भएको हो।'

पानी उपचार प्लान्ट जडान भएपछि यहाँ अध्ययनरत ५०० विद्यार्थी लाभान्वित भएको विद्यालयका प्रधानाध्यापक वेचन साहले जानकारी दिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मो जियाउद्दिन खानको अध्यक्षतामा सम्पन्न उदघाटन कार्यक्रममा स्थानीय बुद्धिजीवि, व्यसायी, शिक्षक, अभिभावकको उपस्थिति रहेको थियो।

### विष्णुपुर...

कविता कुमारी र सचिव रामबाबु यादवविरुद्ध मुद्दा दायर गरिएको आयोगको आरोपपत्रमा उल्लेख छ।

उनीहरूविरुद्ध जनही ४९ लाख २० हजार ९०३ रुपैयाँ बिगो माग दाबी गरिएको छ। धान प्रशोधन उद्योग स्थापनाका लागि नेपाल सरकारबाट प्राप्त रकम साना किसान कृषि सहकारी संस्था लिमिटेडका बन्धक सञ्चालक समिति लगायतको मिलेमतोमा उपभोक्ता समिति खडा गरी फर्जी मूल्यांकन बनाई रकम भुक्तानी लिएको भन्ने उजुरीको आधारमा आयोगले उनीहरूमाथि अनुसन्धान गरेको थियो।

### शिक्षक विरुद्ध ...

जागिर गरेको अख्तियार प्रवक्ता सुरेश न्यौपाने जारी गरेको प्रेस विज्ञप्तीमा उल्लेख गरेको छ।

'झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरी ओहदा, लाभ र सुविधासमेत प्राप्त गरेकाले मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुने मागदाबी बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छन्' अख्तियारको विज्ञप्तीमा उल्लेख छ। मण्डलले शिक्षक पेशामा नियुक्ति लिँदा भारतस्थित विहार इन्टरमिडिएट एजुकेशन काउन्सिलबाट आईएससी र चौधरी चरण सिंह विश्वविद्यालय मेरठबाट विज्ञानमा स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्र पेश गरेका थिए। उनले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली गरेको विज्ञप्तीमा उल्लेख गरेको छ। उनले त्यहि प्रमाणपको पेस गरी माध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदमा नियुक्ति लिएर कार्य गरिरहेको छ।

अख्तियारले मण्डलको योग्यताको प्रमाणपत्रहरू नक्कली रहेकोले छानविन गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान थालेका थिए।

# मधेशका विद्यालयमा भर्ना हुँदैनन् 'प्लस टु' का विद्यार्थी




जनकपुरधाम, २५ असार। तराई मधेशका विद्यार्थी अध्ययनका लागि सहर बजार रोज्न थालेपछि स्थानीय स्कुल सुनसान हुन थालेका छन्। १० कक्षासम्म केही विद्यार्थी टिके पनि एसइई दिएर प्लस टुका लागि सहर बजारको स्कुल रोज्न थालेका छन्। त्यसले गर्दा स्थानीय स्कुलमा प्लस टुमा विद्यार्थी निकै अभाव हुन थालेका छन्। मधेशका आठ वटै जिल्लाका अवस्था त्यस्तै छन्। एक तथ्याङ्क अनुसार विद्यार्थी भर्नादर ९६ प्रतिशतभन्दा बढी छ तर प्लस टुसम्म पुग्दा आधाभन्दा कम विद्यार्थी मात्र स्कुलमा बाँकी रहन्छन्।

**निजीतर्फ आकर्षण**

महोत्तरी समाचारदाताका अनुसार महोत्तरी जिल्लामा उच्च माध्यमिक (कक्षा ११ र १२) तहमा सामुदायिक विद्यालयभन्दा निजीतर्फ विद्यार्थीको आकर्षण बढी देखिएको छ। शिक्षा विकास तथा समन्वय एकाइ महोत्तरीले दिएको तथ्याङ्क अनुसार कक्षा ११ र १२ मा सामुदायिक विद्यालयभन्दा निजी विद्यालयमा ३६ प्रतिशतभन्दा बढीले वृद्धि भएको देखिएको छ।

शिक्षा विकास तथा समन्वय एकाइ महोत्तरीका प्रमुख निर्मलकुमार घिमिरेले २०८१ र २०८२ को तथ्याङ्क अनुसार सामुदायिक विद्यालयमा ४.५१ प्रतिशतले विद्यार्थी घट्दा निजी विद्यालयमा ३६.२२ प्रतिशतले वृद्धि भएको देखिएको बताउनुभयो। शिक्षा विकास तथा समन्वय एकाइले २०८१ सालमा जिल्लाका उच्च माध्यमिक तहमा (कक्षा ११ र १२) नौ हजार ४०७ विद्यार्थी अध्ययनरत रहेकामा २०८२ मा आइपुग्दा यो संख्या नौ हजार २४६ मा झरेको जनाएको छ।

सामुदायिक विद्यालयमा ३९५ विद्यार्थी घटेका छन्। २०८१ मा आठ हजार ७६१ विद्यार्थी रहेकोमा २०८२ मा आठ हजार ३६६ मा विद्यार्थी सीमित भएको तथ्याङ्क छ। निजी विद्यालयमा भने विद्यार्थी संख्या ६४६ बाट बढेर ८८० पुगेको छ। महोत्तरी जिल्लामा उच्च माध्यमिक शिक्षाका लागि ७७ विद्यालय छन् जसमा सामुदायिकतर्फ ६२ तथा निजीतर्फ १५ विद्यालय रहेको छ।

जिल्लाको एकडारा गाउँपालिकामा रहेको श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक जिवछ ठाकुरले उच्च शिक्षातर्फ शिक्षा (एजुकेसन) विषयका विद्यार्थी विस्तारै घट्दै गएको बताउनुहुँदै उनीहरू विज्ञान, लेखा तथा सिपमूलक शिक्षाका लागि जिल्लाबाहिर जाने प्रवृत्ति देखिएको बताउनुभयो। सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न नसकेका कारणले मात्रै नभई पठनपाठनको गुणस्तर, वातावरण, व्यवहार, विषयगत शिक्षकको उपलब्धतालगायतका कुरा सुधार गर्न नसक्दा विद्यार्थी टिकाउन नसकेको वताउनुहुँदै यसप्रति सरोकारवाला निकायलाई गम्भिर हुनुपर्नेमा प्रधानाध्यापक ठाकुरले जोड दिनुभयो।

जिल्लामा साधारणतर्फ मात्रै नभई कक्षा ११ र १२ तहको प्राविधिक शिक्षामा समेत विद्यार्थीको आकर्षण कम देखिएको छ। तथ्याङ्क अनुसार २०८१ मा जिल्लाका विभिन्न विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत प्राविधिक विद्यार्थी संख्या ६०९ रहेको थियो तर २०८२ मा यो संख्या घटेर ३७६ मा पुगेको छ।

**विद्यार्थीमा काठमाडौँ मोह**

ढल्केबर समाचारदाताका अनुसार धनुषालगायत मधेश प्रदेशका जिल्लाबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेका विद्यार्थी थप अध्ययनका लागि काठमाडौँलगायत ठुला सहरतर्फ आकर्षित हुन थालेपछि स्थानीय विद्यालयमा कक्षा ११ मा भर्ना हुनेको संख्या घट्न थालेको छ।

धनुषाको मिथिला नगरपालिका–६, ढल्केबरमा रहेको महेन्द्र माध्यमिक विद्यालयबाट २०८२ को एसइईमा सहभागी सबै १०८ विद्यार्थी उत्तीर्ण भएका थिए तर सोही विद्यालयको कक्षा ११ मा उत्तीर्ण विद्यार्थीमध्ये अहिलेसम्म करिब २५ जना मात्र भर्ना भएका छन्। अधिकांश विद्यार्थी अध्ययनका लागि अन्य विद्यालय तथा काठमाडौँ केन्द्रित शैक्षिक संस्थामा गएको हुन सक्ने विद्यालय प्रशासनको भनाइ छ।

यस्तै सोही ठाउँको चिल्ड्रेन गार्डेन माध्यमिक विद्यालयबाट एसइई उत्तीर्ण भएका ४२ विद्यार्थीमध्ये थोरै विद्यार्थी कक्षा ११ मा भर्ना भएका छन्। पछिल्ला केही वर्षयता स्थानीयस्तरमा सञ्चालित विद्यालयमा कक्षा ११ मा भर्ना हुने विद्यार्थीको संख्या घट्दो क्रममा छ। शिक्षाविद् डा. राजेन्द्र ठाकुरले पछिल्ला वर्षमा एसइई उत्तीर्ण विद्यार्थी तथा अभिभावकमा काठमाडौँका विद्यालयप्रति आकर्षण बढेको बताउनुभयो। यही कारण स्थानीयस्तरमा सञ्चालनमा रहेका कक्षा ११ र १२ मा अपेक्षाकृत कम विद्यार्थी भर्ना हुने गरेको उहाँको भनाइ छ।

स्थानीय विद्यालयप्रति विद्यार्थी र अभिभावकको विश्वास बढाउन गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने सुझाव ठाकुरको छ। प्याब्सनका केन्द्रीय प्राज्ञिक परिषद् सदस्य नरेन्द्र शर्माले एसइईपछि काठमाडौँ गएर पढ्ने प्रवृत्तिले मधेशका विद्यालय प्रभावित भएको बताउनुभयो।

शिक्षा विकास तथा समन्वय एकाइ धनुषाको तथ्याङ्क अनुसार जिल्लामा कक्षा १० सम्म अध्यापन हुने २०३ विद्यालय रहेका छन्। त्यसमध्ये सामुदायिक र संस्थागत गरी ८४ विद्यालयमा कक्षा ११ र १२ को पढाइ हुँदै आएको छ तर अधिकांश विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको तथ्याङ्कले देखाएको छ।

शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेशका शिक्षा महाशाखा प्रमुख उज्ज्वल पोखरेलले एसइई उत्तीर्ण विद्यार्थीले आफ्नो ठाउँभन्दा बाहिर गएर अध्ययन गर्न चाहनु स्वाभाविक प्रक्रिया भएको बताउनुभयो। मधेश प्रदेशबाट एसइई उत्तीर्ण गरेका विद्यार्थी काठमाडौँ वा अन्यत्र गएर पढ्न चाहनु अस्वाभाविक होइन तर गुणस्तरीय शिक्षाको सवालमा प्रदेशभित्रकै शैक्षिक संस्थालाई अझ सक्षम र प्रतिस्पर्धी बनाउनुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो। उहाँले प्रदेशभित्र गुणस्तरीय शैक्षिक संस्था हुँदाहुँदै विद्यार्थी बाहिरिनु चिन्ताको विषय भएको बताउँदै शिक्षा नीतिको समीक्षा गर्नुपर्ने जानकारी दिनुभयो।

**गाउँघरका उच्च मावि संकटमा**

सप्तरी समाचारदाताका अनुसार सप्तरीका ग्रामीण भेगमा खुलेका उच्च माध्यमिक विद्यालयमा न्युन विद्यार्थी भर्ना हुने गरेका कारण ती विद्यालय संकटमा पर्न थालेका छन्। एसइई परीक्षा उत्तीर्ण भएपछि विद्यार्थी अध्ययनका लागि ग्रामीण क्षेत्रभन्दा पनि सहरबजारमा नै जाने गरेका कारण सप्तरीका ग्रामीण भेगमा खुलेका उच्च माविमा संकट आएको हो।

विद्यार्थी सप्तरीको राजविराज, मोरङको विराटनगर, सुनसरीको धरान तथा राजधानी काठमाडौँ जस्ता सहर जान थालेका छन्। यी ठाउँहरूमा अध्यनका लागि पठाउँदा विद्यार्थीको नाम उच्च भइन्छ भन्ने भावनाका कारण पनि ग्रामीण भेगमा रहेका उच्च माविमा विद्यार्थीको संख्या घट्दो क्रममा देखिएको हो।

शिक्षा विकास एकाइ कार्यालय सप्तरीका प्रमुख वीरेन्द्रकुमार यादवका अनुसार सप्तरीमा दर्जनौँ सामुदायिक उच्च माध्यमिक विद्यालय छन् भने एक दर्जनभन्दा बढी संस्थागत उच्चमावि सञ्चालित छन्। तीमध्ये केहीमा विद्यार्थी संख्या राम्रो देखिए पनि अधिकांश विद्यालयमा विद्यार्थीको अभाव दखिएको हो। कमजोर आर्थिक अवस्था भएका, पूरक तथा एक्जाम्टेडबाट उत्तीर्ण भएका, दलित र विवाहित छात्राहरू मात्र गाउँमा खुलेको उच्च माविमा भर्ना हुने गरेको नरबहादुर थापा जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक नागेन्द्र सिंहले बताउनुभयो।

**विषयगत शिक्षक अभाव**

चन्द्रपुर समाचारदाताका अनुसार रौतहटका ६० वटा सामुदायिक विद्यालयमा प्लस टुको पढाइ हुने गरे पनि विद्यार्थीको संख्या बर्सेनि घट्दै गएको छ। जिल्लाका प्रायः विद्यालयमा प्लस टु पढ्ने विद्यार्थीको संख्या दिनानुदिन घट्दै गएका छन्। गुणस्तर शिक्षा पूर्वाधारको कमी र सामुदायिक विद्यालयमा राजनीतिक हस्तक्षेप हुनुलगायतका कारणले समेत सामुदायिक विद्यालयमा विद्यार्थी घट्ने क्रम बढेको शिक्षा विकास तथा समन्वय एकाइ रौतहटका एकाइ प्रमुख नन्दकिशोर गुप्ताले बताउनुभयो।

विद्यार्थीको अभावमा प्लस टु अध्यापन हुने विद्यालय एकअर्कामा समायोजन भई घट्ने अवस्था हुनुपर्नेमा बर्सेनि प्लस टु पढाइ हुने विद्यालयको संख्या बढ्दै गइरहेका छन्। यस्ता विद्यालयको शैक्षिक गुणस्तर खस्कँदै जाँदा पनि सुधारको प्रयासका लागि कतैबाट कुनै पहल नहुनु दुःखद रहेको अभिभावकको गुनासो छ।

सामुदायिक विद्यालयमा गुणस्तरीय अध्यापन नहुनु र गाउँमा समानुपातिक विकास नहुनु नै सामुदायिक विद्यालयमा प्लस टु पढ्ने विद्यार्थीको संख्या घट्दै जाने गरेको मुख्य कारण रहेको गौर–२ का विजय किशोर झाले भन्नुभयो। माध्यमिक तहसम्म निःशुल्क शिक्षा भए पनि विभिन्न ठाउँमा विभिन्न शुल्क उठाउन थालेपछि विद्यार्थी सहरका निजी विद्यालय रोज्न थालेको चन्द्रपुर–५ का पूजा झाले बताउनुभयो। रौतहटमा छ वटा निजी विद्यालयमा समेत प्लस टुको अध्यापन हुँदै आएको छ। दुर्गा भगवती –२ मा रहेको सरस्वती माध्यमिक विद्यालयमा प्लस टुमा विद्यार्थीको आकर्षण बढाउन पूर्वाधार तथा अनुभवी शिक्षकको व्यवस्थापन गरेको गाउँपालिका अध्यक्ष शम्भु सिंह बताउनुहुन्छ। भर्खर सम्पन्न कक्षा १२ को परीक्षामा रौतहटका विद्यालयबाट कुल सात हजार ८९४ विद्यार्थी सहभागी रहेका थिए।


**राम्रो ग्रेड ल्याउने विद्यार्थी टिक्दैनन् विद्यालयमा**

लहान समाचारदाताका अनुसार सिराहामा कक्षा ११ र १२ सञ्चालन गर्ने माध्यमिक विद्यालयको संख्या एक सय पुगेको छ। विद्यालय संख्या एक सय पुगे पनि एसइईमा 'ए' प्लस ग्रेड ल्याउने विद्यार्थी भने ती विद्यालयमा भर्ना नभई अन्यत्र गएका छन्। राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय लहानले जनाए अनुसार कक्षा ११ र १२ सञ्चालन भइरहेको विद्यालयको संख्या सिराहामा एक सय पुगे पनि विद्यालय अनुसार विद्यार्थीको भर्ना न्यून रहेको छ। सो कार्यालयका सूचना अधिकारी किशोर निरौलाले, राष्ट्रिय परीक्षा बोर्डले पाँच वटा जिल्ला सिराहा, सप्तरी, उदयपुर, ओखलढुङ्गा र खोटाङमा ३५० माध्यमिक विद्यालयको परीक्षा सञ्चालन गरिरहेको जानकारी दिनुभयो। उहाँले सामुदायिक विद्यालयले एसइईमा उच्च ग्रेड ल्याउने विद्यार्थीलाई आफ्नै जिल्लामा टिकाउन नसकेको बताउनुभयो।

हुलाकी राजमार्गमा पर्ने भगवानपुर, नवराजपुर, बरियारपटि, औरही गाउँपालिका र सिराहा नगरपालिका पूर्वपश्चिम लोकमार्गमा पर्ने लहान, धनगडीमाई, गोलबजार, मिर्चैया र कर्जन्हा नगरपालिकामा रहेका माध्यमिक विद्यालयमा सञ्चालन भइरहेको कक्षा ११ र १२ को काक्षा व्यवस्थित र नियमित रहे पनि अधिकांश ग्रामीण भेगका गाउँपालिकामा चलिरहेको कक्षा ११ र १२ व्यवस्थित नरहेको अवस्था छ। एसइईमा 'ए' प्लस र 'ए' ग्रेड ल्याउने सम्पन्न परिवारका विद्यार्थी कक्षा ११ मा भर्ना हुनका लागि काठमाडौँ र विराटनगर जाने लहर नै चलेको जेएस मुरारका माध्यमिक विद्यालयका प्रमुख कन्हैयाप्रसाद भट्टले बताउनुभयो।

# मौलापुरमा प्रमुख प्रशासकीय अधिकृत नपठाएको भन्दै प्रधानमन्त्री बालेनको पुतला दहन

रौतहट, २५ असार। रौतहटको मौलापुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नपठाएको विरोधमा स्थानीयले प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)को पुतला दहन गरेका छन्। बिहीबार स्थानीयले नगरपालिकालाई प्रमुख प्रशासकीय अधिकृतविहीन बनाएर बजेट कार्यान्वयन प्रभावित पारेको आरोप लगाउँदै प्रधानमन्त्री शाहको पुतला दहन गरेका हुन्।



आन्दोलनका क्रममा प्रदर्शनकारीले 'मौलापुरको बजेट फ्रिज गराउने बालेन सरकार मुर्दाबाद', 'मौलापुरमा हाकिम पठाऊँ', 'सम्मानित अदालतको आदेश पालना गर', 'मौलापुरलाई हाकिमविहीन बनाउने षड्यन्त्र बन्द गर' लगायतका नाराबाजी गरेका थिए। स्थानीयका अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा गरेर पठाएका प्रमुख प्रशासकीय अधिकृत सुरेशबाबु घिमिरे जिम्मेवारी सम्हाल्न नआएपछि मन्त्रालयले उनलाई फिर्ता बोलाएको थियो। तर त्यसयता नयाँ प्रमुख प्रशासकीय अधिकृत नपठाइँदा नगरपालिकाको प्रशासनिक र वित्तीय काम प्रभावित भएको उनीहरूको भनाइ छ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा विकास निर्माणका काम, बजेट कार्यान्वयन र भुक्तानी प्रक्रिया अवरुद्ध भएको भन्दै स्थानीयले आन्दोलन गरिरहेका छन्। उनीहरूले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलमाथि पनि मौलापुरमा प्रमुख प्रशासकीय अधिकृत नपठाएर स्थानीय तहलाई समस्यामा पारेको आरोप लगाएका छन्। नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगर शिक्षकले छ महिनादेखि तलब नपाएको भन्दै यसअघि पेन डाउन आन्दोलन गरेका थिए। बहुक्षेत्रीय पोषण कार्यक्रमका लाभग्राही तथा सरसफाइ कर्मचारी पनि भुक्तानी नपाएको भन्दै प्रभावित भएको स्थानीयको भनाइ छ।

यसैबीच, सर्वोच्च अदालतले मौलापुर नगरपालिकाका निःशुल्क बिजुली र खानेपानीलगायतका कार्यक्रमको

–बाँकी अन्तिम पेजमा

# बस र मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु, एकजनाको अवस्था गम्भीर



**मणिलाल विश्वकर्मा**

लहान, २५ असार। पूर्व–पश्चिम लोकमार्गअन्तर्गत सिराहाको गोलबजार नगपालिका– ९, चोहर्वामा स्कुलबस र मोटरसाइकल आपसमा ठोक्किँदा एकजनाको घटनास्थल र गम्भीर घाइते अर्काजनाको उपचारको क्रममा मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार सिरहा नगरपालिका– २२, हकपाडा गाउँका घनश्याम यादवका छोरा करिब १५ वर्षीय नरेशकुमार यादवको दुर्घटनास्थलमा मृत्यु भएको हो। दुर्घटनामा गम्भीर घाइते भएका धनुषा सहिदनगर नगरपालिका– १ बस्ने अधिक कबाडीका छोरा करिब १५ वर्षीय इम्तियाज राइन कबाडीको उपचारको क्रममा विरानगरस्थित नोबेल अस्पतालमा बुधबार राति करिब साढे नौ बजेतिर मृत्यु भएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार टाउको, दुवै हात र खुट्टामा चोट लागेर गम्भीर घाइते भएका मिर्चैया नगरपालिका– ५ का शेख सोयवका छोरा करिब २४ वर्षीय शेख रिहानको गोलबजारस्थित लाइफलङ अस्पतालमा सामान्य उपचार गरी थप उपचारका लागि विराटनगरस्थित नोबेल अस्पताल र त्यहाँबाट न्युरो अस्पताल पुऱ्याएर उपचार भइरहेको छ। उनको अवस्थासमेत चिन्ताजनक रहेको प्रहरीले जनाएको छ। पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको स्थानीय शिवशक्ति बाल एकेडेमी बोर्डिङ स्कुलको मे.१ख २३६३ नम्बरको बस र सोही दिशातर्फ जाँदै गरेको तीनजना सवार म.प्र.०१–००५ प ३४०६ नम्बरको मोटरसाइकल बुधबार अपराह्न करिब साढे ४ बजेतिर ठोक्किँदा नरेशको घटनास्थलमै मृत्यु भएको थियो।

सामान्य गतिमा गइरहेको बस कुनै पनि ट्राफिक संकेत नदेखाई अकस्मात् गोविन्दपुर गाउँ जाने सडकतिर मोडिँदा मोटरसाइकल ठोक्किएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार चालक नरहा गाउँपालिका– ३ घर भएका ३१ वर्षीय त्रिलोकीनाथ यादवसहित बस र मोटरसाइकल मिर्चैया प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको छ।

# मधेशमा ७ करोडको पोषण सामग्री खरिद प्रकरण : निर्देशनालयले सतर्कता केन्द्रलाई ढाँटेपछि..

जनकपुरधाम, २५ असार। सात करोडको पोषण सामग्री खरिद प्रकरणमा स्वास्थ्य निर्देशनालयका निर्देशक सरोजचन्द्र न्यौपानेले सर्तकता केन्द्रलाई मन्त्री र सचिवको नाम जोडेर झुटो विवरण पठाएको खुलेको छ। झुटो विवरण पठाएकोमा मधेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशक न्यौपानेलाई स्पष्टीकरण समेत सोधेको छ। मंगलबार निर्देशकसँग स्पष्टीकरण सोधेको मन्त्रालयका सचिव डा. प्रमोद यादवले पुष्टि गरे।

'टेण्डर रद्द सम्बन्धी मन्त्रालयले निर्देशन दिएको थियो। तर प्रक्रिया जारी राखेकोबारे सतर्कता केन्द्रले निर्देशनालयसँग स्पष्टीकरण माग गरेको थियो। अनि मन्त्रालयमा मन्त्री र सचिवसँग छलफलको मौखिक निर्देशनको आधारमा प्रक्रिया जारी राखेको स्पष्टीकरणमा व्यहोरा उल्लेख भएको बोधार्थ मन्त्रालयमा पत्र आएपछि जानकारी भयो', सचिव यादवले भने, 'हामी चकित भयौं। यसपछि निर्देशनालयको निर्देशकसँग स्पष्टीकरण माग गरिएको छ।'

निर्देशनालयले जेठ ७ गते सात करोड रुपैयाँको पोषण सामग्री खरिद गर्न टेण्डर निकालेका थियो। विगतमा पनि पोषण कार्यक्रमले औचित्य पुष्टि गर्न नसकेकोले गत जेठ २९ गते निर्देशनालयलाई पत्राचार गर्दै उक्त खरिद प्रक्रिया रद्द गर्न निर्देशन दिएको थियो। तर, मन्त्रालयको निर्देशन अटेर गरी निर्देशनालयले खरिद प्रक्रियालाई निरन्तरता दिएको अनलाइनखबरले खबर सार्वजनिक गरेको थियो।

यसबारे सतर्कता केन्द्रले मन्त्रालयको निर्देशन विपरीत खरिद प्रक्रिया किन जारी राखेको भनेर निर्देशनालयसँग स्पष्टीकरण माग गरेको थियो। यता निर्देशनालयका निर्देशक मन्त्रालयकै टिप्पणी र निर्देशन पश्चात पोषण सामग्री खरिद प्रक्रिया सुरु गरेको दाबी गरे। 'मन्त्रालयले टेण्डर रद्द गर्ने पत्र पठाएपनि पछि पुनः यस विषयमा मन्त्रालयले रद्द गर्न निर्देशन दियो। तर मन्त्रालयमा छलफलको क्रममा जारी राख्न भन्नु भयो,' उनले भने।

# मधेशका अस्पतालमा सर्पदंशको औषधी र रेबिजविरुद्धको भ्याक्सिन अभाव

**विजयकुमार साह**

ढल्केबर, २५ असार। मधेश प्रदेशका अधिकांश अस्पतालमा सर्पदंशको औषधी र रेबिजविरुद्धको भ्याक्सिनको अभाव देखिएको छ। सर्पदंशको उपचारमा प्रयोग हुने एन्टिस्नेक भेनम सिरम र कुकुरलगायतका जनावरको टोकाइबाट हुने संक्रमण रोक्न प्रयोग गरिने एन्टिरेबिज भ्याक्सिनको अभाव देखिएको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदशका सचिव डा. प्रमोद यादवले समयमै आपूर्ति हुन नसक्दा एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिनको अभाव भएको बताउनुभयो।

उहाँले केही अस्पतालमा सीमित मात्रामा एन्टि स्नेक भेनम तथा एन्टिरेबिज भ्याक्सिन मौज्दात रहे पनि अधिकांश स्थानमा मौज्दात सकिने अवस्थामा पुगेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "कतिपय स्वास्थ्य संस्थामा सीमित मौज्दात छ भने धेरैजसोमा निकै कम मात्रामा छ।" उहाँका अनुसार मधेश प्रदेशमा हाल २७ वटा अस्पतालबाट सर्पदंशको उपचार सेवा सञ्चालन हुँदै आएको छ। वर्षायामसँगै सर्पदंशका घटना बढिरहेका बेला प्रतिविषको अभाव हुँदा उपचार सेवा प्रभावित हुने र बिरामीको ज्यान जोखिममा पर्ने चिन्ता बढेको छ। यस अवधिमा खेतबारी, बस्ती र पानी जम्ने क्षेत्रमा सर्पको सक्रियता बढ्ने भएकाले उपचारका लागि एन्टिस्नेक भेनम आवश्यक भएको सचिव यादवको भनाइ छ। प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हाल सबैभन्दा बढी प्रादेशिक अस्पताल जनकपुरमा एन्टिस्नेक भेनम ३५० भाइल मौज्दात रहेको छ। तर, प्रादेशिक अस्पताल कलैया, धनुषाधाम नगरपालिका अस्पताल (धनुषा), तथा गौशाला नगर अस्पताल (महोत्तरी) मा एन्टिस्नेक भेनमको मौज्दात शून्य रहेको छ।

त्यसैगरी सात वटा अस्पतालमा २०/२० भाइलका दरले मात्र मौज्दात रहेको छ। प्रादेशिक अस्पताल मलङ्गवामा २५०, प्रादेशिक अस्पताल सिराहामा १५०, सर्पदंश उपचार केन्द्र नवलपुरमा २१०, सर्पदंश उपचार केन्द्र बर्दिवासमा १५०, चोहर्वा सर्पदंश उपचार केन्द्र सिरहामा २१० तथा अन्य स्वास्थ्य संस्थामा सय वा सोभन्दा कम भाइल मौज्दात रहेको मन्त्रालयको विवरणमा उल्लेख छ। मन्त्रालयका सचिव डा. यादवका अनुसार सर्पदंशको एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन खरिदका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अर्थ मन्त्रालयसँग दुई/दुई करोड रुपियाँका दरले चार करोड रुपियाँ माग गरिएको छ। तर, बजेट निकासा हुन नसक्दा खरिद प्रक्रिया अघि बढ्न नसकेको उहाँले बताउनुभयो।

मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन नेपाली बजारमा पर्याप्त मात्रामा उपलब्ध नरहेको बताउँदै उपलब्ध हुनेबित्तिकै खरिद प्रक्रिया अघि बढाउने बताउनुभयो। संघीय स्वास्थ्य निकायबाट खरिद तथा आपूर्तिमा भएको ढिलाइका कारण प्रदेश तथा स्थानीय तहअन्तर्गत सञ्चालित अस्पतालतमा एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन नियमित आपूर्ति हुन नसकेको उहाँले जानकारी दिनुभयो।

# गुठी जग्गाको अतिक्रमण हटाउन ९ सदस्यीय समिति गठन



**लक्ष्मी चौधरी**

जनकपुरधाम, २५ असार। धनुषास्थित राम र जानकी मन्दिरलगायत विभिन्न मठ–मन्दिर अन्तर्गतका गुठी जग्गामा भएको अतिक्रमण हटाई संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यले ९ सदस्यीय कार्यान्वयन समिति गठन गरिएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले बुधबार विज्ञप्ति जारी गर्दै गुठी संस्थान प्रधान कार्यालयका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा उक्त समिति गठन गरिएको जनाएको छ।

समितिमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख, भूमि प्रशासन अधिकृत, नापी कार्यालय धनुषाका प्रमुख नापी अधिकृत तथा गुठी संस्थान शाखा कार्यालय धनुषाका प्रमुख सदस्य रहेका छन्।

समितिलाई बृहत्तर जनकपुर क्षेत्र अन्तर्गत जनकपुरधाम उपमहानगरपालिकाभित्र रहेका पोखरी, पोखरीका डिल, राम र जानकी मन्दिरलगायत प्रमुख धार्मिक स्थल तथा गुठी जग्गाको संरक्षण र व्यवस्थापनको जिम्मेवारी दिइएको छ। समितिले उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२, सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन, २०७६ तथा गुठी जग्गासम्बन्धी अन्य प्रतिवेदनमा उल्लेख भएका सुझाव र निर्णय कार्यान्वयन गर्ने छ।

मन्त्रालयका अनुसार समितिले आफ्नो कार्यक्षेत्रभित्र रहेका मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमणको रेखांकन गरी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र स्वेच्छाले जग्गा खाली गर्न सूचना जारी गर्ने छ। त्यस्तै, अन्य गुठी जग्गामा घर–टहरा निर्माण गरी बसोवास गरिएका क्षेत्रको रेखांकन गरी सम्बन्धित व्यक्तिलाई १५ दिनभित्र संरचना हटाई जग्गा खाली गर्न सूचना दिइने छ।

तोकिएको समयसीमाभित्र अतिक्रमण नहटाए स्थानीय प्रशासनको सहयोगमा थप १५ दिनभित्र अतिक्रमित जग्गा खाली गराइने मन्त्रालयले जनाएको छ। अतिक्रमण हटाउने कार्य सम्पन्न भएको १५ दिनभित्र प्रगति विवरणसहितको प्रतिवेदन मन्त्रालयमा पेस गर्न समितिलाई निर्देशन दिइएको छ। मन्त्रालयका सहायक प्रवक्ता दामोदर वाग्लेका अनुसार समितिले प्रतिवेदनमा उल्लेख भएका विषय प्रभावकारी रूपमा कार्यान्वयन गर्दै गुठी सम्पत्तिको संरक्षण, व्यवस्थापन तथा अतिक्रमण नियन्त्रणका लागि आवश्यक समन्वय गर्ने छ।

## *मौलापुरमा प्रमुख...*

भुक्तानी नरोक्न अन्तरिम आदेश दिएको भए पनि प्रमुख प्रशासकीय अधिकृतको अभावमा आदेश कार्यान्वयन हुन नसकेको दाबी गरिएको छ। मौलापुर नगरपालिकाकी प्रमुख रीना साहले पनि प्रमुख प्रशासकीय अधिकृत नपठाएर संघीय सरकारले नगरपालिकाको बजेट कार्यान्वयन प्रभावित पारेको आरोप लगाएकी छन्। बजेट कार्यान्वयन र भुक्तानीको महत्वपूर्ण समयमा कर्मचारी रिक्त राखेर स्थानीय तहलाई गतिरोधतर्फ धकेलिएको उनको भनाइ छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)